फोन : ०५६-५०१०२१

# माडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन

बागमती प्रदेश, नेपाल


प.सं. ०८१/०८२

च.नं. ३६३

मिति २०८१/०५/१७

श्री सम्पूर्ण विद्यालयहरु सवै

माडी नगरपालिका,माडी ,चितवन ।

विषय : निवेदन पेश सम्वन्धमा ।

प्रस्तुत सम्वन्धमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा सूचना प्रकाशित मिति २०८१/०४/३१ को सूचना अनुसार वैदेशिक रोजगार सन्तती छात्रवृत्ती ( शैक्षिक सत्र २०८० मा भुक्तानी छुट भएका एंव २०८१) का लागि ,श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई तोकिएको अवधि भित्र मृत्यु , अंगभंग वा विरामी भई वैदेशिक रोगजार वोर्डको कल्याणकारी कोषवाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तीका लागि निवेदन पेश गर्ने सूचना आह्वान भएकाले आफ्नो विद्यालयमा अध्ययनरत सम्वन्धित अवस्थाका विद्यार्थीहरुका निवेदन संकलन गरी विद्यालयको सिफारिस सहित असोज मसान्त सम्ममा माडी नगरपालिकाको शिक्षा शाखा/ रोजगार सेवा केन्द्रमा पेश गर्नुहुन अनुरोध छ ।

शेषकान्त पौडेल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ

श्रीमान् नगर प्रमुखज्यू, माडी नगरपालिका ( सादार अवगतार्थ )

श्रीमान् नगर उप-प्रमुखज्यू, माडी नगरपालिका (सादार अवगतार्थ )




Scanned with CamScanner

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

ववरमलहल, काठमाडौं

## वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८० मा भुक्तानी छुट भएका एवं २०८१) का लागि निवेदन दिने वारेको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०४/३१**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारका गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषवाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) वमोजिमको ढाँचामा २०८१ साल असोज मसान्तभित्र निवेदन पेश गर्नुहुन सम्वन्धित सवै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. <u>विद्यार्थीले निवेदन पेश गर्ने निकायः</u> आफु अध्ययनरत विद्यालयमा कार्यविधिको अनुसुची - १ वमोजिमको ढाँचामा २०८१ असोज मसान्तभित्र। विद्यार्थीको स्थायी ठेगाना अन्यत्र भए पनि नाता प्रमाणित लगायत वडा कार्यालयवाट गर्नुपर्ने कागजात आफ्नो स्थानीय तहवाट वनाई अध्ययनरत विद्यालयमा छात्रवृत्तिको निवेदन पेश गर्नुपर्ने।

२. <u>छात्रवृत्तिका प्राप्त गर्ने लक्षित वर्गः</u>

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई निर्धारित अवधिभित्र मृत्यु वा अंगभंग वा विरामी भइ वैदेशिक रोजगार वोर्डवाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी।

(शत प्रतिशत आर्थिक सहायता भन्नाले २०६५।७।१८ देखि २०६८।२।१९ सम्म रु. १ लाख, २०६८।२।२० देखि २०७१।६।३० सम्म रु. १ लाख ५० हजार, २०७१।६।३१ देखि २०७४।४।१५ सम्म रु. ३ लाख र २०७४।४।१६ देखि निवेदन दिने अन्तिम मिति सम्म रु. ७ लाख प्राप्त गरेको हुनुपर्ने। मृत्यु वा अंगभंग भएको तर आर्थिक सहायता/क्षतिपूर्ति वापत पूर्ण रकम नगरेका लाभग्राहीलाई यो छात्रवृत्ति प्राप्त नहुने)

डा. द्वारिका उप्रेती

कार्यकारी निर्देशक

- नेपालको जुनसुकै सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०८१ असोज मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालबालिकालाई मात्र शैक्षिक सत्र २०८१ को छात्रवृत्ति उपलब्ध गराइनेछ।
- शैक्षिक सत्र २०८० मा रीतपूर्वक निवेदन पेश गरेका तर आर्थिक वर्ष २०८०/८१ मा रकम प्राप्त गर्न नसकेका छात्रछात्राले समेत यस आर्थिक वर्षमा छुट छात्रवृत्ति पाउने।

३. <u>निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु: कार्यविधिले तोके बमोजिम देहाय बमोजिमका कागजात संलग्न हुनुपर्ने।</u>

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि।
- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजात (चेक बुक)को प्रतिलिपि।
- हाल अध्ययनरत भएको विद्यालयको सिफारिस।
- शिक्षा समितिको निर्णय एवं सम्बन्धित स्थानीय तहको सिफारिस।

४. शैक्षिक सत्र २०८० मा रीतपूर्वक निवेदन पेश गरी २०८०/८१ मा रकम भुक्तानी हुन नसकेका छात्र छात्राको हकमा:

क) सवै कागजात पूरा भई बैंक खाताको विवरण नमिली रकम भुक्तानी हुन नसकेका मिति २०८१ श्रावण २५ गतेको यस सचिवलायको सूचना बमोजिमका ३३४ जनाको हकमा: हाल अध्यावधिक भएको खाता नम्वर र विवरण स्पष्ट खुल्ने प्रमाण सहित स्थानीय तह (शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा निवेदन पेश गर्नुपर्ने।

ख) निर्धारित अवधिमा निवेदन पेश गरेका तर कार्यविधि बमोजिमका सम्पूर्ण कागजात बोर्ड सचिवालयमा प्राप्त नभई रकम उपलब्ध हुन नसकेका श्रावण २५ गतेको सूचना बमोजिमका ७२८ जनाको को हकमा: गत वर्ष विद्यालयमा एवं सम्वन्धित स्थानीय तहमा दर्ता भएको निवेदन सहित गत वर्ष तयार भएका माथि उल्लेखित सवै कागजातको प्रतिलिपी सहित स्थानीय तह (शिक्षा शाखा) मा निवेदन पेश गर्नुपर्ने। यस्ता निवेदन एकीन गरी शिक्षा

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

Scanned with CamScanner

शाखाले रोजगार सेवा केन्द्र वा बोर्डको FEWIMS चलाउने फोकल पर्शनलाई उपलब्ध गराए पश्चात यस आर्थिक वर्षमा सफ्टवेयरमा प्रविष्ट हुने।

ग) सम्बन्धित विद्यालयमार्फत स्थानीय तहमा निवेदन पेश भई स्थानीय तहबाट निर्धारित अवधिमा सिफारिस भएका तर बोर्डको सचिवालयमा निवेदन प्राप्त नभएका छात्र छात्राहरुले गत वर्ष २०८० पौष मसान्त भित्र शिक्षा समितिको निर्णय भएको प्रमाण सहितका सम्पूर्ण कागजात वैदेशिक रोजगार बोर्डको सचिवालय (प्रशासन, योजना तथा अनुगमन शाखा – कोठा नं १६) मा पुनः छुट छात्रवृत्ति रकम प्राप्त गरिपाउँ भनी आफै उपस्थित भई वा प्रतिनिधी मार्फत वा हुलाक वा कुरियर मार्फत यथाशीघ्र (२०८१ असोज मसान्तभित्र आईपुग्ने गरी) निवेदन पेश गर्नुपर्ने। सो सम्बन्धमा छात्रवृत्ति निर्देशक समितिले निर्णय गरे वमोजिम रकम प्राप्त हुने।

घ) यस खण्डको सि.नं. (क) र (ख) को हकमा सम्वन्धित स्थानीय तहमा निवेदन प्राप्त भएमा गत वर्ष २०८० पौष मसान्त भित्र निजहरुको निर्णय भएको एकीन गरी रोजगार सेवा केन्द्रले चालु आर्थिक वर्षको लागि छात्रवृत्ति प्रदान गर्ने प्रयोजनार्थ FEWIMS प्रणालीमा सि.नं. (ग) को प्रविष्ट गर्ने वखत कागजात स्क्यान गरी आर्थिक वर्ष २०८०/८१ को लागि थप प्रविष्ट हुने व्यवस्था मिलाउने।

ङ) गत शैक्षिक सत्रमा १२ कक्षा सम्म अध्ययनरत भएका वा १८ वर्ष मुनि भई छात्रवृत्तिका लागि निवेदन पेश गरेका तर हाल उक्त सीमा कटेका विद्यार्थीको हकमा समेत यस प्रकरण वमोजिम छुट निवेदन पेश गर्न सकिने।

५. <u>छात्रवृत्तिको रकमको सीमा:</u>

- वार्षिक रुपमा आधारभुत तहमा अध्ययनरतका लागि रु १२,०००। (वाह्र हजार) र माध्यमिक तहका लागि रु. १६,०००। (सोह्र हजार) प्रदान गरिने छ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति रकम सिधै बैंक खाता मार्फत उपलब्ध गराइनेछ। एउटा कामदारका जति संख्यामा योग्यता पुगेका सन्तती भए पनि सहायता उपलब्ध हुनेछ।

६. <u>विद्यार्थी एवं अविभावकको जिम्मेवारी:</u>

- सूचना प्राप्त भएपश्चात कार्यविधि अध्ययन गरी सो वमोजिमका सम्पूर्ण कागजात तयार गरी सम्वन्धित विद्यालयमा निवेदन पेश गर्ने।

७. <u>विद्यालयको जिम्मेवारी:</u>

- सम्वन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्वन्धी सूचना प्रवाह गर्ने ।

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

Scanned with CamScanner